"एक बहुभाषिक पत्रिका"
# ग्रामीण
राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

वर्ष २ | अंक १४ | २०८१ चैत्र २७ गते बुधवार | Wednesday 09, April 2025 | www.graminpatrika.com | पृष्ठ ६, | मूल्य रु. २०।-

## दिनेश राजवंशीको सांगीतिक क्षेत्रमा उदयमान



**मधुमती कुमारी राजवंशी**
**विराटनगर**

राजवंशी र विराट राजवंशी तथा मैथली म्यूजीक भिडियोमा अभिरुची राख्ने दिनेश कुमार राजवंशी एक सफल व्यापारी र कलाकार हुन । हालसम्म चार ओटा गीतमा अभिनय गरिसकेका हुन । दिनेश कुमार राजवंशी एक कलाकार र सफल व्यापारी पनि हुन् । विराटनगर महानगरपालिका वडा नम्बर ३ मा स्थायी बासीन्दा दिनेश कुमार राजवंशी गायन तथा सांगीतीक क्षेत्रमा अत्यन्तै रुची राख्ने व्यत्तित्वमा पर्ने एक हुन् । हालसम्म उनी चार ओटा म्यूजीक भिडियोमा यस प्रकार अभिनय गरिसकेको हुन ।

ती चार म्यूजीक भिडियोहरु यस प्रकार छन् ।

१. होली हो ( विराट राजवंशी )
२. आँहा के चेहरा ( मैथली गीत )
३. तोर हई जन्बा पाउँ ( राजवंशी )
४. होली छिय पावन ( विराट राजवंशी )

जस्ता सु–मधुर चर्चित म्यूजीक भिडियो गीतमा अभिनय गरेका हुन ।

रहर र साथीभाईहरुको सहयोगले लागेर सांगीतिक क्षेत्रमा आफनो प्रस्तुती दिदै आएका उनी आफनो व्यक्तिगत फेसवुक आई डिमा पनि उतिकै सक्रिय छन् । उनको जन्मथलो मोरङ्गको वेलवारी नगरपालीका वडा नम्बर ८ को पुर्णा गाउँ कुवेर टोल ( बालुवाहि ) मा भएका उनी गीत र सांगीतिक क्षेत्रमा आफनो प्रतिभा देखाउन हुरुकै हुने एक मजाको सरल व्यक्तित्व पनि हुन । न्यू जानकी सप्लायर्स विराटनगर वडा नम्बर २ बर्गाछि स्थीत व्यापार गर्दै र सांगीतिक क्षेत्रमा अघी बढ्दै आएका छन् ।

दिनेश कुमार राजवंशीको स्वर्गीय दाजु रामभक्त राजवंशीको चाहाना र इच्छाले गर्दा पनि कलाकारीता म्यूजीक भिडियोमा होमीएको राजवंशी सांगीतिक क्षेत्रमा लागीपरेका छन् ।

आर आर म्यूजीक प्रोडक्शन द्वरा " गे भुल्की बाली ठुटत लगाई खुना लाली " म्यूजीक भिडियो चाँडै कमिङ्ग सुनमा रहेको छ । उत्पादन गरिएको सो म्यूजीक भिडियो गीतहरु चेनलमा दर्शकहरुले रुचाइदिइरहेको देख्न सकिन्छन् । आर आर म्यूजीक प्रोडक्शन हाउसले पनि राम्रो सहयोग भएको बताउँदै रमेश राजवंशी, सुनकुमार राजवंशी, कार्तिक राजवंशी, अशोक राजवंशी, जयराम राजवंशी, मिथुन राजवंशी, रित कुमार राजवंशी लगायत आफनो पारिवारीक सहयोग र समाजका अगुवाहरुको साथ र सर्पोटबाट म्यूजीक क्षेत्रमा अघि बढिरहेको छ ।

## वि एस एन होटेलले १० दिने ब्याकरी



**सुमन कुमारी राजवंशी**
**कटहरी**

वि.एस.एन. स्कुल अफ होटेल म्यानेजमेन्ट कलेजमा १० दिने ब्याकरी वर्कशप सुरु भएको छ । विद्मालयका विद्मार्थीहरुको शिप विकास गर्ने उदेश्यले सो १० दिने ब्याकरी वर्कशप सुरु गरिएको छ ।

कोशी प्रदेशको राजधानी विराटनगरको तिनपैनी चौक पश्चिम दक्षिण तर्फ अवस्थित वि एस एन स्कुल अफ होटेल म्यानेजमेन्टमा कक्षा ११ को विद्मार्थीरुको व्यवहारिक ज्ञानलाई अविवृद्धि गर्ने मुख्य उदेश्यले सो कार्यक्रम गरिएको छ । यहि चैत्र ११ गतेदेखि २१ गतेसम्म विभिन्न किसिमका ब्याकरी प्रोडक्टहरु उत्पदन गर्न सिकाउने कार्य चलिरहेको कलेजका सञ्चालक मनोज कुमार राजवंशीले जानकारी गराएका छन् ।

एसाथै बैशाखमा स्कुलले एसईई दिइरहेका विद्मार्थीहरुका लागी निशुल्क १० दिनको ब्याकरी वर्कशप सुरु गर्ने समेत राजवंशीले जानकारी दिए ।

## इटहरीको सेन्टर प्लाजामा भीषण आगलागी, उद्धार कार्य जारी



**भोजराज घिमिरे**
**इटहरी**

इटहरीको सेन्टर प्लाजामा भीषण आगलागी, उद्धार कार्य जार

इटहरी, सुनसरी - इटहरी उपमहानगरपालिका-६ मा रहेको व्यावसायिक भवन सेन्टर प्लाजामा आज बिहान भीषण आगलागी भएको छ। प्रहरीका अनुसार आगलागी बिहान करिब ९:४५ बजे भवनको पाँचौं तलाबाट सुरु भएको हो।

स्थानीय र प्रहरीले दिएको जानकारी अनुसार, आगलागी सुरु भएको फ्ल्याटमा होटल बरन्डा सञ्चालनमा थियो। आगो तीव्र रूपमा फैलिँदा माथिल्लो तलामा रहेका व्यक्तिहरू फसेका छन्। उनीहरू उद्धारको पर्खाइमा रहेको प्रहरीले जनाएको छ।

आगो नियन्त्रणमा समस्या, उद्धारका लागि सेनाको हेलिकप्टर परिचालन

इटहरी नगरपालिकासहित दुहबी, बराहक्षेत्र, र रामधुनी नगरपालिकाका दमकलहरू आगो नियन्त्रणका लागि खटिएका छन्। आगो नियन्त्रण गर्न कठिनाइ भएपछि काठमाडौँबाट नेपाली सेनाको हेलिकप्टर समेत परिचालन गरिएको छ।

प्रहरीका अनुसार, आगलागीको कारण हालसम्म खुल्न सकेको छैन। तर, घटनास्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, वारुण यन्त्रका कर्मचारी र स्थानीय बासिन्दाहरू संयुक्त रूपमा उद्धार तथा आगो नियन्त्रणको प्रयास गरिरहेका छन्।

क्षतिको विवरण आउन बाँकी

आगलागीबाट भएको क्षतिको विस्तृत विवरण आउन बाँकी छ। तर, आगो थप फैलिन सक्ने भएकाले ठूलो जनधनको क्षति हुन सक्ने अनुमान गरिएको छ।

## दुहबीमा ट्राफिकको ट्राफिक सचेतता कार्यक्रममा सकृयता बढाउदै



**चन्द कुमार रौनियार**
**सुनसरी**

सुनसरीको दुहबीमा रहेको ट्राफिक पोस्टले दुहबी बजार एरिया इलाकाको बिभिन्न ठाउँहरुमा आफ्नो सकृयता बढाएको छ ।

दुहबीमा एकदमै ट्राफिक जाम संगै दुर्घटना हुने भएकोले गर्दा दुहबी पोस्टले हरेक गतिविधिमा जनचेतनामूलक कार्यक्रम लगायतका कार्यक्रमहरु गरदै आएका छन ।जस्तै बजार एरियाका बिभिन्न ठाउँमा ट्राफिक जनचेतनामूलक हुडिङ बोर्ड ,अबेबस्थित पार्किङ गरेको सवारीसाधनहरु लाई हुइललंक लगाउने सामुदायिक बिधालय तथा निजि बिधालयहरुमा गएर ट्राफिक जनचेतनामूलक सन्देश तथा बिधार्थीहरुलाई जेब्राक्रसिङ बिषयमा क्लास लिने गरेको छ।

ट्राफिक प्रहरी दुहबीले सवारी चालक तथा पैदल यात्रीलाई लक्षित गर्दै दुर्घटना न्यूनीकरण सम्बन्धि सचेतना कार्यक्रम गरेको छ ।

"हर पहर गाउँ र नगरी, गाउँ गाउँमा ट्राफिक प्रहरी" मूल नाराका साथ कोशी राजमार्ग अन्तरगत सुनसरीको दुहबी सड्क खण्डमा गुड्ने सिटी सफारी ,मेजिक ,ट्रक बसहरुको चालकहरुलाई दुर्घटना न्युनिकरण सम्बन्धि तथा सचेतनामुलक कार्यक्रम, ट्राफिक चेकिङको महत्त्व सम्बन्धि सचेतना दिनुका साथै चालक, सहचालक साथै सर्वसाधरण पैदलयात्री तथा सवारी चालकलाई ट्राफिक शिक्षा प्रदान गरेको थियो ।

ट्राफिक प्रहरीले संचालन गरेको उक्त ट्राफिक सचेतना कार्यक्रमले ट्राफिक व्यवस्थापनमा सहज हुने तथा दूर्घट्नामा कमि ल्याउने दुहबी ट्राफिकका सई चन्द्र कुमार (फाजु) श्रेष्ठले बताए ।






# गायन क्षेत्रमा पिंकी राजवंशीको उदयमान भबिस्य



**ग्रामीण संवादाता**
**झापा**

पिंकी राजवंशीलाई आफ्नै तरीकाले पनि हेर्न सकिन्छ। उनी निरन्तर शास्त्रिय र आधुनिक संगीतको गायन विधामा आफुलाई उतिकै पोख्त सावित गर्दै गायन यात्रामा सक्रिय रुपमा लागि परेकी छिन्।

नेपाली संगीत गायनमा विगत डेढ दशक बढी समयदेखी रमाउँदै आएकी प्रतिभाको रुपमा गायिका पिंकी राजवंशीलाई चिन्न सकिन्छ। आकर्षक व्याक्तित्व र सरल स्वभाव सफा मन सुन्दर तन उनको परिचयात्मक पाटो हो भने गायन उनको रुचिको बिषय।शास्त्रीय संगीतमा गहिरो अनुभव बटुलेकी राजवंशी बाल्यकालदेखि संगीतमा रुचि राख्ने पिंकीलाई भने यस क्षेत्रमा थप प्रोत्साहन र उर्जा थप्ने काम चाही उनकै बुबा प्रदीप कुमार राजवंशीले गरेका थिए।

झापाको विर्तामोडमा स्नातक दोस्रो वर्षमा अध्ययनरत उनी गुरुकुल संगीत पाठशालामा आफ्नो संगीतको ज्ञान बटुलिइरहेकी छिन्।१० वर्ष अघि आमा जानकी देवी राजवंशी र करिब ६ वर्ष अघि बुबा प्रदीप कुमार राजवंशी गुमाएकी गायक पिंकी हाल हजुरआमा धनसरी राजवंशी र सानीआमा रेखा राजवंशीको संरक्षणमा सांगीतिक यात्रालाई भने जारी राखेकी छिन्। झापा गाउँपालिका वार्ड नं. २ , कुवाडी घर भएकी पिंकीलाई झापा बजारमै रहेको डिल्लीराज माविमा पढ्दै गर्दानै गायन क्षेत्रमा भूत सवार भइसकेको थियो। स्कुले जिवनमै गायन विद्यामा विभिन्न प्रतियोगितामा उनको प्रस्तुतीले दर्शकमाझ चर्चा बटुलिइसकेका थिए। विराटनगरमा भएको 'नाच आइडल' प्रतियोगितामा प्रथम रनरको उपाधि हासिल गरेपछि उनको सांगीतिक यात्रा झन सक्रिय हुदै गयो। उनले स्वागत करेछु, झुम्का, कमला, साथै ए दिल तुम विन कभर गीत गाएर संगीतप्रेमीबीच चर्चित मात्रै भइनन् उनको संगितिक यात्रा नेपालकै चर्चित संगीतिक शो भ्वाइस अफ नेपालमा पुग्यो। 'संगीतिक क्षेत्रमा केही गर्छु भनी लाग्या छु', गायक पिंकीले थपिन् - ' संघर्ष जारी छ' ।संगीतको शौख रहेर आफनो बाचामा तल्लिन बनेकी पिंकीका सिर्जनामा संस्कार सस्कृति र मौलिक पनको आभास पाइन्छ। ग्रामिण परिवेशमा सामान्य परिवारमा जन्मिएर पनि संगीत प्रतिको मोह र गायनको मोहले उनको सांगीतिक यात्रा छिट्टै गन्तव्यमा पुग्ने संकेतहरु देखा परेका छन्। ए दिल तुम विन कभर

# ६८औं राष्ट्रिय सहकारी दिवस दीप प्रज्वलन कार्यक्रमको आयोजना भव्य रुपमा सम्पन्न



**ग्रामीण संवादाता**
**विराटनगर**

६८औं राष्ट्रिय सहकारी दिवस दीप प्रज्वलन कार्यक्रमको आयोजना भव्य रुपमा सम्पन्न विराटनगर, चैत १९ - "मर्यादित सहकारीः समुन्नत समाज" नाराका साथ ६८औं राष्ट्रिय सहकारी दिवस दीप प्रज्वलन कार्यक्रमको आयोजना भव्य रुपमा सम्पन्न भएको छ। दिवसको पूर्वसन्ध्यामा चैत १९ गते साँझ विराटनगर महानगरपालिका, महेन्द्रचोकमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरियो।

दीप प्रज्वलन कार्यक्रम उपसमिति संयोजक सीता लामिछानेको संयोजनमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष रमेश पोखरेलले दीप प्रज्वलन गरेका थिए। कार्यक्रममा विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूको उत्साहजनक सहभागिता रहेको थियो।

यसैक्रममा, चैत १८ गते सोमबार साँझ ४ बजे विराटनगरको पुष्पलाल चौकबाट बृहत् मोटरसाइकल र्‍याली निकालिएको थियो। उक्त र्‍याली पुष्पलाल चौकबाट सुरु भई रोडशेष चौकमा पुगेर समापन भएको थियो। सहकारी अभियन्ता, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा स्थानीय नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको यस र्‍यालीले सहकारी अभियानलाई थप ऊर्जा प्रदान गरेको छ।

चैत २० गते ६८औं राष्ट्रिय सहकारी दिवसका अवसरमा कोशी प्रदेश सरकारको समन्वयमा मूल समारोह समिति मोरङले झाँकी र्‍याली तथा मूल समारोह आयोजना गरेको छ। उक्त कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री माननीय हिक्मत कुमार कार्की रहनेछन्।

मुख्य कार्यक्रम विराटनगरको पान्चालीस्थित कन्चनजङ्घा पार्टी प्यालेसमा चैत २० गते बिहान ११:३० बजे सुरु हुनेछ। कार्यक्रममा सहकारी क्षेत्रका विशिष्ट व्यक्तित्व, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि, सहकारी अभियन्ता तथा सरोकारवालाहरूको उपस्थिति रहनेछ। मूल समारोह समिति-२०८१ मोरङका संयोजक डा. डिल्ली पोखरेलका अनुसार सहकारीको सशक्तीकरण र प्रवर्द्धनका लागि यस्ता कार्यक्रमहरू प्रभावकारी हुने विश्वास गरिएको छ।










"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
सम्पादक तथा प्रकाशकः संजय कुमार राजवंशी, कार्यालय प्रमुख : मोहन कुमार राजवंशी, समाचार संयोजकः राजेश कुमार राजवंशी, केन्द्रिय कार्यालयः कोशी प्रदेश विराटनगर, मुद्रकः कविता प्रिन्टर्स, सम्पर्क नं. : ९८२७०७२१५०
इमेलः infograminpatrika@gmail.com, Web: www.graminpatrika.com

# सम्पादकीय

## सिसिटिभी क्यामेराले मान्छे चरित्र माथी प्रश्न खडा

म, हामी र तपाइँ कस्तो मान्छे हामी आफैँमा विस्वास नभएको मान्छे। शैक्षिक संस्थाको दिनप्रतिदीन विकास भएकै छ तर पनि अपराध बढिरहेकै छ। शिक्षाको ज्योती फैल्याउने शैक्षिक संस्था गाउँ–गाउँ, सहर बजारमा प्रस्सत भएपनि मान्छेले मान्छेको विस्वास नभएर सुरक्षाको लागी मेसीन माथी विस्वास गर्ने समय आएको छ।

सिसिटिभी क्यामेरा आज यस्तो सामग्री हो जस्ले मान्छे –मान्छेको विस्वासलाई सकाइदिएको छ । एक व्यक्ति अर्को व्यक्ति प्रति आत्मविस्वास घटाइदिइरहेको छ । मान्छे र मान्छेको चरित्रमाथि समेत यस्ले प्रश्न खडा गरिदिइएको छ। यस्ले मानव जाति प्रति कुनै विस्वास नरहनेगरी आफनो वर्चस्व कायम गर्दै विस्वभर फैल्याउँदै गएको अवस्था पनि छ । विस्वका अधिकाँश पसल, व्यापारिक स्थल लगायत अन्य कुनैपनि कार्यालयमा अनिवार्य रुपले सिसिटिभी क्यामेरा लगाउनै पर्ने एक आफैँमा विस्वास कायम गर्दै गएको छ । व्यापार, उधोग कल कारखाना तथा पसल लगायत सबै प्रकारका कार्यालयमा अनिवार्य रुपले क्यामेरा लगाउने संस्कार भनौं या चलन प्रस्सत रुपले सिसिटिभी क्यामेरा लगाउने बजारमा अहिले बिगबिगी चलिरहेको छ।

दिनप्रतिदिन विभिन्न किसिमका अपराध, नकारात्मक विषय वस्तु समाजमा निरन्तर देखिरहेको अवस्थामा यस्ले बजारमा ठाउँ मज्जैले पाएको छ । कुनैपनि व्यापार तथा व्यापारीले कुनैपनि कार्य गर्न अगार्डि सुरक्षालाई अनिवार्य ध्यान दिने विषय भएकोले पनि यस्ले राम्रै बजार लिएको छ। सुरक्षाको दृष्टिले हेरीयौँ भन्ने सिसिटिभी क्यामेरा एक सुरक्षा गार्डको काम गरिएको अवस्था छ। चोरी, डकैटी, लुटपाट, हुलहुजत तथा विभिन्न किसिमका अपराधिक गतिविधि नगरियोस् भन्ने उदेश्यले यस्को प्रयोग गरिने गरिएको छ।

सोचनुपर्ने विषय :–

के म, हामी र तपाइँ भ्रष्ट छौँ, के गलत मान्छे हामी छौँ त ?

सिसिटिभी क्यामेरा कस्को लागी भन्नुहुन्छ। यो पकै मान्छेको लागि नै हो। कस्ले चोरि गर्छ, को लुटपाट गर्छ, कस्ले ठग्छ, कस्ले गलत व्यवहार गर्छ, कस्ले कस्लाई कुट्छ यसै विषयलाई भिडियो तथा फोटोमा कैद गर्ने उदेश्य लिएर प्राय सिसिटीभि क्यामेराको प्रयोग भएको हुन्छन् । जनावरको लागि होइन पनि भन्न सकिन्न् तर सिसिटिभी क्यामेरा विषेश मान्छेको डरले लगाउने विषय वस्तु हो नै।

हुनत अहिले आधुनिक यूगमा चोरी, भ्रष्टाचार, लुटपाट र डकैती गर्ने तरिका फरक–फरक भएपनि डर भन्ने विषय नभागने नै रह्यो तर यस आधुनिक समाजको विकासले कस्तो समाजीक प्राणी उत्पादन तथा कस्तो भावी पुष्ताको विकास र कुन गतिमा विकास हुदैछ भन्ने नै मुख्य विषय वस्तु हो । कुनैपनि अर्थमा विकास नभएको पनि भन्न सकिदैनन् तर विकास भयो कस्तो विकास ? ठल्लो प्रश्न खडा गरिदिएको छ । यस विषयमा विचार लेखि राख्दा सबैजनालाई भनेको पनि होईन तर समाज कस्तो विकास हुदैछ भन्ने विषयमा छलफल गर्ने हो।

नोट :- अन्यथा कसैलाई पर्न गएम संयोक मात्रै हुनेछ।

# व्यक्तिको खुशीमा एकको दर्दनाक मृत्यु



**संजय कुमार राजवंशी**
**विराटनगर**

चैत्र १ गते होलीको शुभकामना संगै एक मेरो विचार लेख प्रस्तुत गरेको छु । म, हामी र तपाइँ कोही मान्छे, के आज हामी खुशी छौं। यदि म, हामी र तपाइँ खुशी आज छौं भन्ने फेरी आज कसैको जीवन समाप्त हुने पक्का भयो । हामी खुशी हुनु भनेको पनि एक प्रकारको अपराध गतिविधि बढावा दिनु नै गर्नु बुझ्नुपदर्छ। होली आउँदैछ मासु र रक्सी कसो नखाउँला त । जागीर लागीयो मासु र रक्सी खानैपर्ने। जन्मदिन भयो मासु र रक्सी खानैपर्ने । जिएफ लभर पटियो मासु र रक्सी खानैपर्ने। परिक्षा पास भयौं रक्सी मासु खानैपर्ने। विवाह भयो मासु र रक्सी खानैपर्ने। दुई करोडको घर किनियौं मासु र रक्सी खानेपर्ने। कुनै नयाँ व्यापार सुरु गरियौं मासु र रक्सी खानैपर्ने । मानव जातिको प्रत्येक खुशियालीमा कसैको न कसैको जीवन एक प्रकारले समाप्त निरन्तर भएकै हो चाहे त्यो कुखुरा होस् चाहे त्यो खसी होस्।

जनावर र पशुपंछी एक प्राकृतिक स्रोत र साधन हो जस्लाई बचाउन एकदमै आव्श्यक छ । यो प्रत्येक्ष मानव जातिको जीवनसंग समबन्धित छन्।

चैत्र १ गते यस्तो दिन हो जहाँ हजारौं खसी, कुखुरा, हाँस, परेवा, माछा र अन्य घरपालुवा जनावरहरुको चित्कार सुन र हेर्न सकिने दिन आउँदै गरेको छ । जुन दिन जनावर र पशुपंछिको लागी भ्यानक र दर्दनाक मृत्यू हुने बेला आउँदै छन्। यसै वर्ष मिति २०८१ चैत्र १ गते पूर्णिमाका दिन तराईको होलीमा प्राय अधिकाँश घरमा माछा, मासु तथा अन्य जनावर र पशुपंछिको मृत्यू हुने र गर्ने समय आउँदै गरेको छ । रमाइलोको दिन छ कसो नखाउँला माछा र मासु यो त हुनै सक्दैन । कसैले कुखुराको रोष्ट बनाउछन् भन्ने कसैले खसीको पक्कु र कसैले विरयानी बनाउछन्। सबैले सबै प्रकारका नयाँ तथा पुरानो तरिकाले मासु पकाएर खाने गरेको घरघरमा र सहरबजारको पसल तथा होटेलमा हेर्न सकिन्छन् । मानव जातिले आफनो चेतनशील खुल्ला र पार्दशी आँखाले कसैको जीवन समाप्त गर्ने छ भन्ने कसैले आफनो मुखको दाँत कोलगेटले दन्तमनजन गरेको दाँतले स्वाद लिई –लिई र दाँतले चपाई – चपाई खाने गरेको हेर्न सक्नुहुन्छन् । र खानुपनि हुन्छन् होला।

माथीलो पाराग्राफमा जेसुकै लेखिएपनि बुझ्ने विषय वस्तु एउटै हो कि हामी मानव जाति हौं र हामी यस प्रथा र यस संस्कारको के तुक र के अतुक छन् भन्ने सोच, विचार र दृष्टिकोण सहि र गलत के हो छलफल र समझदारी गर्न अतिआव्श्यक छ।

म यसो भनिरहदा यसको अर्थ योपनि होइन कि सबै मानव जाति गलत नै हो भनेकोपनि होइन नेपालको कानुनले सबै नागरिकलाई सबै अधिकार बराबर दिएको छ। सबैको सोच, विचार र दृष्टिकोण फरक –फरक हुन्छन् र हुनुपनि पर्छ तर के हामी सबैको सोच, विचार र दृष्टिकोण फरक –फरक हुन्छन् भन्दैमा खुल्ला आँखा र सफा सिसा आरपार देखिने सत्य र असत्यलाई, अथवा सहि र गलत स्पष्टरुपमा हेरिरहेको विषय वस्तुलाई पुन्न, फेरी मानव जातिले कसरी नकारन पनि सकिन्छन् होला त। यो फेरी छुटै छलफल र विचार विर्मश गर्ने विषय वस्तु हो।

रङ्ग र रङ्गोली संगै होलीको रमाइलो दिन आउँदै गाउँ र सहरमा यस्को कसरी र कस्तो व्यवस्थपन गरी होलीको दिन रमाइलो हुन्छन् भनी सोचदै गरेको मानव समाजमा सबैलाई शुभकामना संगै राम्रो रमाइलो होस् भन्न पुन्न चाहान्छु। होली एक मानव समाजले एक अर्कालाई रङ्ग र अविरले लगाएर मनाउने गर्दछन् भन्ने कसैले यस्को धार्मीक संस्कारसंग आस्थापनि जोडिएको छ । जोगीरा सारा रारा यस पर्वमा मुख्य गाना तथा होलीका नयाँ नयाँ गीतसंगै रमाइलो गर्ने एक अथवा सोभन्दा बढि कलरको रङ्ग र अविरले मनाउने होलीको रुपमा मनाउने गर्दछन्।

यस होलीमा देश तथा विस्वभर विभिन्न खानेपरिकार पकाएर खाने गर्दछन् भन्ने माछा, मासु तथा अन्य जनावरहरुको मासु बनाइ पकाई खाने गरेको हुन्छ। र सो दिन बजार र गाउँ सहरमा फ्रेस हाउसमा अत्यधिक बिक्रीवितरण हुने मध्यको एक वस्तु हो । उक्त सो दिन माछा, मासु व्यापारी तथा गाउँघरमा परेवा, हाँस र कुखुरा जस्ता पशुपंछि र जनावरहरुलाई मारी खानाको रुपमा मनाउने गर्दछन्। भाँङ्ग, रक्सी, वियर, चुरोट तथा अन्य किसिमका नशा लाग्ने पदार्थहरु सेवन गरी एक अर्कासंग रङ्ग र अविर लगाई आपसी सद्भाव मनाउने गर्दछन् ।

नोट : यो विचार लेखि राख्दा कुनै धर्म र आस्था प्रति भेदभाव र नकारात्मक भ्रम फैल्याउन विचार लेखिएको होइन यस विचारलाई मनन गरिदिनुहुन अनुरोध छ।

# कार्यकारी प्रधानमन्त्री र राष्ट्रियपत्ति



**संजय कुमार राजवंशी**
**विराटनगर**

पचिस र तिस हजार मत ल्याई देशको पहिलो र दोस्रो व्यक्ति हुनु कहाँबाट सहि भयो। देशको कुनै एक क्षेत्रमा २५ र ३० हजार मत बल्लबल्ल रोई कराई ल्याईएको मतबाट तपाइँ आफनो भविष्य र सन्तानको भविष्य कसरी एक व्यत्तिको जीम्मा लगाउन सक्नुहुन्छन् । यस देशमा प्रत्येक्ष कार्यकारी प्रधानमन्त्री र राष्ट्रिय पत्ति हुनुपर्ने व्यवस्था हुन अतिआव्श्यक छ। एक व्यक्ति पार्टि र पार्टि कार्यक्रताको आडमा देशभर चुनाव गराउँदा सबै मत गनना भइसकेपछि मात्रै देशको प्रधानमन्त्री र राष्ट्रियपत्ति हुनुपर्ने व्यवस्था हुनुपर्छ नकि एक निश्चित क्षेत्रमा विजयी हाशिल गरि देशको बन्ने व्यवस्था । सो अर्थमा यो व्यवस्थालाई सहि भन्न सकिदैनन् पनि किनभने यो व्यवस्थाले हालसम्म आर्थिक, सामाजीक, शिक्षा, स्वास्थ्य र रोजगारमा खासै विकास नभएको अथवा फेल भइसकियो भन्ने भाष्य निमार्ण मिडियामा भइरहको छ।

देशमा करिब तिन करोड नेपाली छन् । तिन करोडमा केहि मात्रै मत ल्याउनु भनेको उ देशको तिन करोड नेपालीको भावना नबुझनु र देशको विकासमा बाधा पुग्नु नै हो । देशमा विभिन्न थरिका जात, जाति भाषा र भाषीको भावना कदर गर्न सकिदैनन्।

नेपाली जनता, नेता, कार्यक्रता, सचेत नागरिक समाज तथा अन्य जनसरोकारवाला निकायले यस विषयमा अहिले रेडियो, टिभि र राष्ट्रिय पत्रिका र अनलाइन मिडियामा स्पष्ट देखिएको अवस्था पनि छ। अब यो देशलाई स्थाई सरकार चाहिएको छ। जति बिगार्नुथियो बिग्री सकियो अब पनि प्रत्येक्ष कार्यकारी प्रणालीमा गइएन भन्ने यो भन्दापनि अर्को बिगार्ने ठाउँ नरहेको अवस्था पनि छदैछन्।

यस विषय वस्तुपनि सहिनै भन्नुपर्दछ किनभने एउटा क्षेत्र मात्रै हुदा आ–आफनो क्षेत्रमा पार्टि कार्यक्रता बनायो चुनाव जितियो सहज र सरल पनि भयो यदि देशभर जस्ले सबैभन्दा बडि मत ल्याई उस्ले मात्रै प्रधानमन्त्री र राष्ट्रियपक्ति बन्ने कानुन भएपछि सुधार पकै हुनेथियो । देशभर एक व्यत्ति चुनाव प्रचार प्रसार गर्न सकिदैन यस्को अर्थ उस्ले काम हालसम्म के के गरेको छ भन्ने नै हुन्छन् यस बाहेक अर्को कुनै बाटो नभएकोले प्रत्येक्ष कार्यकारीको व्यवस्था हुन जरुरी छन्।

नेपालको जुनसुकै ठाउँबाट जस्ले पनि कार्यकारी प्रधानमन्त्री र राष्ट्रियपत्तिमा उमेदवारी दिने व्यवस्थाको विकास गर्नुपदर्छ। यसो विचार लेखिराख्दा जो प्रसिध र राम्रो काम गरिएको छ । ऊ मात्रै चुनाव जितने सोच, विचार र दृष्टिकोणको पनि विकास हुनेहुन्छन्। चुनावी प्रचारप्रसार देशभर गर्न नसक्नु र देशभर कार्यक्रता खठाउन गाह्रे हुनु । एक्लै नभियाउनु र पैशा धेरै खर्च हुनैपर्ने हुन्छन् । जस्को कारणले आउँदो भविष्यमा प्रत्येक्ष कार्यकारीनी प्रणलीको विकास हुदै देशको विकास क्रमश हुदै जाने हुन्छन्।

# केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

## एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरड | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिड होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५–५२१६०० |

## दमकल

| | |
|---|---|
| बिराटनगर वारूणयंत्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरूवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३–५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३–५२०१०१ |

## अस्पताल

| | |
|---|---|
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरड सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१–५२७९६८ |

## प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्छ) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

## होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१–५११७७२ |
| होटल नमस्कार | ०२१–५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१–५९०४६७ |

"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# खुशी हुदै भन्ने एक करोडको गाडि लिए : देवराज चौधरी



**संजय कुमार राजवंशी**
**विराटनगर**

कटहरी अध्यक्ष खुशी हुदै उही आफनै शैलीमा भन्ने ( देवराज चौधरी ) " यो एक करोडको गाडि हो पहिला त म तिन करोडको गाडि चढेको हो यो त कम पैशाको पो भयो त " भन्दै कटहरी गाउँपालिका अध्यक्ष देवराज चौधरीले ग्रामीण पत्रिकासंग हर्ष उल्लासका साथ खुशी हुदै कुरा गर्दै बताए । र स्थानीय कटहरीको नेपाली जनता तथा जनसरोकारवाला यस विषयमा सामाजिक सञ्जालमा व्यापक विरोध गर्दै छन् । र जनता दुख मनाउँदै विभिन्न प्लेटफर्ममा टिकाटिपनी गर्दै सामाजीक सञ्जालमा आफना धारणा आज दिनभर राख्दै आएका छन्।

यो हो कोशी प्रदेशको राजधानी विराटनगर महानगरपालिकाको पुर्व छिमेकी उधौगीक क्षेत्रमा पर्ने कटहरी गाउँपालिका हो। अध्यक्ष देवराज चौधरीले आफ्नै लागि कटहरी गाउँपालिकाको आन्तरिक राज्श्व आमदानीबाट करिब १ करोड रुपैयाँ बराबरको नयाँ गाडी खरिद गरेका छन्। नेपाली कांग्रेसको तर्फबाट कटहरी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका चौधरीले विकास निर्माणको काम तथा अन्य पालिका भित्र रहेको कामहरुलाई पछाडि पार्दै आर्थिक वर्ष २०८१/०८२ को बजेटबाट नयाँ गाडी खरिद गरेको हो।

नेकपा माओवादी केन्द्र कटहरी गाउँपालिका अध्यक्ष विरबुध मुडियारी सो गाडि खरिद नगरि पालिकाको जनताको समस्या समाधानमा खर्च गर्नुपथियों भन्दै ग्रामीण पत्रिकासंग कुरा गर्दै घोर विरोध गरिएका छन्। जनताको मुख्य समस्या अहिले रोजगारी तथा आर्थिक मन्दी भएको बेला नेतृत्व कर्ताले सो विषयमा विचार र बिमर्श गर्नुपर्ने समयमा गाडि खरिद नगरेको भए राम्रो हुनेथियो भन्दै बताएका छन् । जनताका मुलभुत समस्या समाधान तर्फ उन्मुख हुनुपर्ने समयमा यस्ता गतिविधिले जनता नेतृत्व प्रति निराश बन्दै जाने बताएका छन्।

अध्यक्ष चौधरीले भारतीय कम्पनीको महेन्द्रा नयाँ मोडेलको स्कारपियो करिब एक करोड लागतको गाडी खरिद गरी आज उदघाटन गरि पालिका भ्रमण गरेका छन् । करिब १ करोड रुपैयाँ खर्चगरी लिएको उक्त गाडि गाउँपालिकाको बोर्ड बैठकबाट नयाँ गाडी खरिद गर्ने निर्णय गरेका थिए । खरिद गरिएको महेन्द्राको नयाँ गाडीको बुधबार आज गाउँपालिकाकै प्राङ्गणमा अध्यक्ष देवराज चौधरी र प्रमुख प्रशासकीय अधिकृत तेजिन्द्र गौतमले पूजापाठ गरी गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधि लगायत अन्य सबैले पुजाको प्रसाद ग्रहन गरिएका छन्।

र पालिका अध्यक्षले गाउँपालिका भ्रमणमा छु भन्दै ग्रामीण पत्रिकासंग कुरा गर्दै बताएका छन् । पहिलाको गाडि ३ करोडको थियो अहिले त मात्रै १ करोडको छ भन्दै ग्रामीण पत्रिकासंग कुरा गर्दै एकदम हर्ष उल्लासका साथ खुशी हुदै बताएका छन्।

# सम्वेदना पत्र हस्तान्तरण गर्दै:-विराट राजवंशी



**मोहन राजवंशी**
**विराटनगर**

पत्रकार राजेश कुमार राजवंशी अहिले पितृ शोकमा रहेकोले "राजवंशी समाज उत्थान समिति" केन्द्रीय समितिले सम्वेदना पत्र हस्तान्तरण गरेका छन्। रासउस केन्द्रीय अध्यक्ष भुव्नेश्वर मण्डल राजवंशीको संयुक्त टोलीले सामुहिक रुपमा सम्वेदना पत्र आज हस्तान्तरण गरेका छन । विराट राजवंशीको जिल्ला समिति, युवा समिति पत्रकार राजेश कुमार राजवंशी र उनको परिवार सदस्यलाई सम्वेदना पत्र हस्तान्तरण गरिएको छ।

पत्रकार राजेश कुमार राजवंशीका बुवा ७४ वर्षीय स्वर्गीय जाबुनलाल मण्डल राजवंशीको सोमवार विहान ५ बजे मोरङ्को जहदा गाउँपालिका वडा नम्वर - २ हरिनगरा स्थित आफ्नै निवासमा असामयिक निधन भएको थियो।

स्वर्गीय बुवा जाबुनलाल मण्डल राजवंशी जन्म मिति २००७ श्रावण १६ गते भएका उनि ७४ वर्ष भएका थिए। मिति २०८१ फाल्गुन १२ गते विहान ५ बजे सोमबारका दिन उहाँको निधन भएका थिए।

आदिवासी राजवंशी सामुदायको संस्कृति र परम्परा अनुसार दाहसंस्कार गरिएको थियो। उनको तीन छोरा र दुई छोरी रहेका छन्। र पत्रकार राजेश राजवंशी कान्छो छोरा हुन्।

पत्रकार राजेश कुमार राजवंशी ग्रामीण पत्रिका डटकमका समाचार संयोजक, प्रेस सेन्टर मोरड सह-सचिव, फोनिज जिल्ला सह-सचिव र नेपाल पत्रकार माहासड मेरङ जिल्ला सदस्य हुन।












"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# बेहुलीको जुत्ता र चप्पल बनाउने तालिम सम्पन्न..



**ग्रामीण संवाददाता**
**विराटनगर**

बेहुलीको जुत्ता र चप्पल बनाउने तालिम सम्पन्न..

विराटनगर, चैत्र १६ - हाम्रो प्रयास संस्थाको आयोजनामा बेहुलीको जुत्ता र चप्पल बनाउने तालिम सफलतापूर्वक सम्पन्न भएको छ। विराटनगर महानगरपालिका वडा नं. ७ मा चैत्र ९ देखि १५ गतेसम्म सञ्चालित उक्त तालिममा १० जना सहभागी थिए सहभागी हरु लाई प्रमाणपत्र दिएको थियो।

तालिमको समापन समारोहका प्रमुख अतिथि महिला पुनर जागरण मञ्चकी अध्यक्ष जेष्ठ नागरिक प्रभा आचार्य रहनुभएको थियो। कार्यक्रमका विशिष्ट अतिथि कोशी प्रदेशका पूर्व न्यायधिवक्ता रूपेश कोईराला हुनुहुन्थ्यो। साथै, सिर्जनशील समाजकी अध्यक्ष अनुपमा रिजाल पनि अतिथिका रूपमा उपस्थित थिइन्।

समापन कार्यक्रममा हाम्रो प्रयास संस्थाकी अध्यक्ष सावित्री ढकालले तालिमको उद्देश्यबारे जानकारी दिँदै महिलाहरूलाई आत्मनिर्भर बनाउन यस्ता सीपमूलक तालिम प्रभावकारी हुने बताइन्। तालिम संयोजक गीता पोखरेल, सचिव बाला पोखरेल, कोषाध्यक्ष ज्ञानु राउत थापा, वडा नं. ७ की सदस्य लिला श्रेष्ठ, गीता विश्वकर्मा, तथा प्रशिक्षक सरला भट्टराई घिमिरे लगायत संस्थाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

प्रशिक्षक सरला भट्टराई घिमिरेले सहभागीहरूलाई जुत्ता तथा चप्पल बनाउन आवश्यक सामग्री, डिजाइन, र निर्माण प्रक्रियाका बारेमा व्यावहारिक ज्ञान प्रदान गरेकी थिइन्। तालिमका सहभागीहरूले सिकेको सीपलाई भविष्यमा व्यवसायिक रूपमा उपयोग गर्ने योजना बनाएका छन्।

कार्यक्रमको सञ्चालन सचिव बाला पोखरेलले गरेकी थिइन् भने स्वागत मन्तव्य प्रमिला कर्णले प्रस्तुत गरेकी थिइन्। कार्यक्रमको सभापतित्व हाम्रो प्रयास संस्थाकी अध्यक्ष सावित्री ढकालले गर्नुभएको थियो।हाम्रो प्रयास संस्थाले यसअघि पनि विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएको छ। आगामी दिनमा पनि यस्ता तालिमलाई निरन्तरता दिने संस्थाले प्रतिबद्धता जनाएको छ।

# "सिप सिकौं, आत्मनिर्भर बनौं" नारासहित साझा प्रयास नेपालद्वारा १० दिने महिला उद्यमशीलता तालिम सम्पन्न



**ग्रामीण संवाददाता**
**विराटनगर**

तालिमको समापन कार्यक्रममा प्रमुख अतिथि वडा नं. ७ का अध्यक्ष मधुबाबु तिवारी रहेका थिए। विशिष्ट अतिथिको रूपमा कोशी प्रदेशका पूर्व न्यायधिवक्ता रूपेश कोईराला तथा एबिसी नेपाल तथा एनजीओ फेडरेशनकी अध्यक्ष विष्णु शर्मा को उपस्थिति थियो। साथै, साझा प्रयास नेपालका सल्लाहकार जनार्दन राम निरौला, टोल विकास समितिका अध्यक्ष समाजसेवी अशोक राज बिष्ट, समाजसेवी सचिन पोखरेल र डागध्वज कार्की, वडा नं. ७ का सचिव राम बराल , साझ प्रयास नेपाल का कर्यासमिति लगायत अन्य अतिथि उपस्थित थिए।

कार्यक्रममा साझा प्रयास नेपालकी कोषाध्यक्ष पुष्पा कार्कीले स्वागत मन्तव्य दिएकी थिइन् भने कार्यक्रम सञ्चालन संस्थाकी सचिव इन्दिरा दाहालले गरेकी थिइन्। तालिम समापन कार्यक्रमको सभापति साझा प्रयास नेपालकी अध्यक्ष आशा खड्का खत्री थिइन्।

महिला उद्यमशीलता र स्वरोजगारमा टेवा सहभागी महिलाहरूले यो तालिमले आफूहरूलाई स्वरोजगार बन्न र आत्मनिर्भर हुन ठूलो सहयोग पुगेको बताए। तालिमपछि आफूहरूले व्यवसाय सुरु गर्ने सोच बनाएको उनीहरूको भनाइ छ। आयोजक संस्थाका अनुसार, महिलाहरूले प्राप्त सीपलाई आयआर्जनमा बदल्न सकेमा उनीहरूको आर्थिक अवस्था सुधार हुनेछ र समाजमा महिला सशक्तिकरणको उत्कृष्ट उदाहरण बन्नेछ।

संस्थाले आगामी दिनमा थप व्यावहारिक ज्ञान दिने, उद्यमशीलता विकासलाई प्रवर्द्धन गर्ने, र महिलाहरूलाई आर्थिक रूपमा सक्षम बनाउन निरन्तर सहयोग गर्ने योजना बनाएको जनाएको छ।

निष्कर्ष

यो तालिमले महिलाहरूलाई आत्मनिर्भर बन्न प्रेरित गर्ने लक्ष्य राखेको छ। कार्यक्रममा उपस्थित वक्ताहरूले यस्ता तालिमहरूलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए। आत्मनिर्भर महिलाहरूले सिपलाई व्यवसायमा बदल्न सकेमा समाजमा सकारात्मक परिवर्तन ल्याउने र आर्थिक रूपमा सशक्त हुने विश्वास गरिएको छ।

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८२ साल वैशाख १ देखि ७ गते सम्म
जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
जन्म दर्ता किन गर्ने ?
बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न
हरिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८२ साल वैशाख १ देखि ७ गते सम्म
जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
जन्म दर्ता किन गर्ने ?
बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न
रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८२ साल वैशाख १ देखि ७ गते सम्म
जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
जन्म दर्ता किन गर्ने ?
बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न
गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश

व्यक्तिगत घटना दर्ता सप्ताह
२०८२ साल वैशाख १ देखि ७ गते सम्म
जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं गराऔं ।
जन्म दर्ता किन गर्ने ?
बालबालिकालाई स्कुल भर्ना गर्न
नागरिकता र पासपोर्ट बनाउन
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न
भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसरी, कोशी प्रदेश

"एक बहुभाषिक पत्रिका"
ग्रामीण
राष्ट्रिय साप्ताहिक
मो.जि.प्र.का. दर्ता नं. २८०

# मोरङ प्रहरीले यातायात कार्यालय बाहिरबाट १२ बिचौलियालाई नियन्त्रणमा लियो मोरङ, चैत १२ मोरङ प्रहरीले यातायात कार्यालय वरिपरि




**ग्रामीण संवाददाता**
**विराटनगर**

मोरङ प्रहरीका अनुसार नियन्त्रणमा लिइएका व्यक्तिहरू यातायात कार्यालय बाहिर सेवाग्राहीलाई विभिन्न बहानामा झुक्याउने, अनावश्यक रकम असुल्ने तथा गलत सूचना दिने कार्यमा संलग्न रहेको पाइएको छ। सेवाग्राहीहरू कार्यालयभित्र सहज रूपमा सेवा लिन नपाउने अवस्था सिर्जना गरेर बिचौलियाहरूले आर्थिक फाइदा उठाउँदै आएका थिए।

प्रहरीले पछिल्लो समय प्रशासनिक कार्यालयहरूमा बिचौलियागिरी तथा ठगी रोक्न अभियान चलाइरहेको छ। "नागरिकहरूले सरकारी सेवा लिन बिचौलियाको भर पर्नु नपरोस् भनेर हामीले निगरानी बढाएका हौं," एक प्रहरी अधिकृतले भने।

नियन्त्रणमा लिइएका १२ जनामाथि आवश्यक अनुसन्धान भइरहेको र उनीहरूविरुद्ध कानुनी प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ। प्रहरीले नागरिकहरूलाई यस्ता बिचौलियाबाट सतर्क रहन आग्रह गर्दै कुनै पनि सेवा सहज रूपमा सरकारी कार्यालयबाटै लिन अपिल गरेको छ । १, विराटनगर महानगरपालिका-३ का २४ वर्षीय राजेश खड्का २, विराटनगर महानगरपालिका-३ का ४१ वर्षीय सन्जिव कोइराला ३, विराटनगर महानगरपालिका-३ का २५ वर्षीय गौरवकुमार माझी, ४ विराटनगर महानगरपालिका- ३ का ३७ वर्षीय राजु कोइराला ५, दुहबी नगरपालिका-११ का २७ वर्षीय युवराज लम्साल ६, विराटनगर महानगरपालिका-५ का ३१ वर्षीय अनिल बस्नेत ७, विराटनगर महानगरपालिका- ४ का २२ वर्षीय राजीव मण्डल ८, बर्जु गाउँपालिका- ६ का २७ वर्षीय प्रवीण कुमार थन्दार ९, कटहरी गाउँपालिका- १ का ३७ वर्षीय भागवत राजबंशी १०, बुढिगंगा गाउँपालिका- २ का ५० वर्षीय उदय कार्की, १२, विराटनगर महानगरपालिका- ३ का २९ वर्षीय अजयकुमार मण्डल ११, बुढिगंगा गाउँपालिका- १ का २१ वर्षीय सुनिल दाहाल

# गढि र दुहबीमा बाट ४ जना शिक्षक गार्ड निस्कासन



**चन्दन कुमार रौनीयार**
**सुनसरी**

हिजो देखि शुरु भएको माध्यमिक शिक्षा परीक्षा एसइई मर्यादित ढंगबाट सञ्चालन नगरेको भन्दै सुनसरीको दुई वटा परीक्षा केन्द्रका ४ जना गार्ड शिक्षकलाई निष्कासन गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको नेतृत्वमा खटिएको परीक्षा अनुगमन टोलीले मर्यादित तरिकाबाट परीक्षा सञ्चालन नगरेको भन्दै गढि गाउपालिका २ मा रहेको श्री सरस्वती मावी औरावनी परिक्षा केन्द्रका २ जना निजि बिधालय बाट परीक्षा केन्द्रमा खटिएको शिक्षक निष्कासन गरिएको र दुहबी वडा न.५ मा रहेको श्री सरस्वती मावी दुहबी परिक्षा केन्द्रबाट २ जना शिक्षक परीक्षामा परीक्षार्थीलाई चिट चोर्न सहयोग गरेको भन्दै निजि बिधालयबाट १० हजार दरले बिधार्थिहरु पास गराउने पैसा लिएको स्वयं गार्ड शिक्षकले अनुगमन खटेका प्रजिअ अगाडि कवुल गरेका २ जना शिक्षकलाई दुहबीमा रहेको सरस्वती केन्द्रमा खटिएको परीक्षा शिक्षक गार्ड स्पोर्ट्समे निष्कासन गरिएको प्रजिअ मिश्रले बताए । निष्कासन गरिएको स्थानमा भोलिदेखि अर्को शिक्षक गार्ड राखि परीक्षा सञ्चालन गर्ने प्रजिअ मिश्रको कथन छ।

सरस्वती मावीदुहबीका केन्द्राध्यक्ष तेज प्रसाद तिमिल्सिना र कर्मचारी सजिप गुप्तालाई एकपटकको लागि सचेत समेत गराएको छ ।सुनसरीको परीक्षा केन्द्रका केन्द्राध्यक्षलाई सचेत गराइएको र अन्य परीक्षा केन्द्रमा शान्तिपूर्ण रुपमा आजको परीक्षा सम्पन्न भएको उने बताए । सुनसरी बाट मात्रै १३ हजार ६ सय ६३ बिधार्थि परिक्षा दिदै छन । त्यसै गरि सुनसरीको दुहबीका ३ परिक्षा केन्द्र बाट ५९५ जना बिधार्थिहरु सहभागी भई परीक्षा दिदैछ ।सरस्वती मा बी परिक्षा केन्द्र दुहबीमा ७ वटा निजि र १ वटा सरकारी गरी ८ वटा बिद्यालयका २५८ जना बिद्यार्थी परिक्षामा सामेल भएका छन ।

भने महेन्द्र मेमोरियल को परिक्षा केन्द्रमा सरस्वती मा बी र थर्ड आइ स्कुलका जम्म १६८ जना परिक्षार्थी रहेका छन । अनुगमन टोलिमा जिल्ला प्रहरी कार्यालय प्रमुख सुमन तिमिल्सिना ,शस्त्र प्रहरी प्रमुख ,नेपाली सेना प्रमुख ,ईप्रका दुहबी प्रमुख र स्थानीय संचारकर्मीहरुसमेत रहेको थियो।










